पालिकालाई स्वास्थ्य सामाग्री । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक






● मकवानपुर, वर्ष-१४, ● अंक-१० ● २०७८ असोज ०४ गते सोमबार, ● 20 Sep. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


## थाहानगरमा मंगलदीपको सदस्य सेवा केन्द्र खुल्यो

# उद्घाटनकै दिन करोड कारोबार



विकास संवाददाता
थाहानगर

मंगलदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सदस्य सेवा केन्द्र उद्घाटनको पहिलो दिनमै करिब १ करोडको कारोबार भएको छ । ललितपुरको लगनखेलमा मुख्य कार्यालय रहेको मंगलदीपको मकवानपुर थाहानगर मा १ असोजमा सदस्य सेवा केन्द्र उद्घाटन भएको हो ।

सहकारीले उद्घाटनको पहिलो दिन १ सय ३ सदस्यहरूबाट ८५ लाख १ हजार ३ सय बचत संकलन भएको छ भने ६ लाख २ हजार ५ सय रूपियाँको सहकारीको शेयर लिएका छन् ।

ललितपुर र मकवानपुर जिल्लाभर नै सेवाक्षेत्र रहने गरी स्वीकृत पाएको मंगलदीपको थाहा नगरपालिका वडा नम्बर ४ शिखरकोटमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बागमती प्रदेश हेटौडाकी सचिव डाक्टर मतिना जोशी वैद्ये उद्घाटन गरेकी हुन् । ललितपुरको ठैबमा पहिलो सेवा केन्द्र विस्तार गरेको मंगलदीपको थाहानगर स्थित शिखर कोटको सदस्य सेवा केन्द्र दोस्रो हो । अब थाहानगरबासीले मंगलदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेको सेवा नियमित पाउने व्यवस्थापक गणेश विष्टले जानकारी दिए ।

ललितपुर जिल्लामै उत्कृष्ट ख्याती कमाएको मंगलदीपको उद्घाटन कार्यक्रममा कृषि तथा सहकारी मन्त्रालय बागमती प्रदेशका रजिष्टार विक्रम पाण्डेयको विशेष आतिथ्यमा भएको थियो । उद्घाटन कार्यक्रम सहकारीका अध्यक्ष नवराज बिष्टको सभाध्यक्षतामा भएको थियो ।

कार्यक्रममा सहकारीको सेवा केन्द्र उद्घाटन गर्दै मन्त्रालयकी सचिव वैद्येले सफलताको शुभकामना व्यक्त गरिन् । सहकारीले सदस्यहरूको मन जितेकै कारण सेवा क्षेत्र समेत विस्तार गर्न सक्षम भएको हुँदा सहकारीमा गरिएको लगानी र सेवा आफ्नै भएको सचिव वैद्येले बताइन् । उनले सहकारीहरूको भिडमा मंगलदीप छुट्टै पहिचान राख्न सफल सहकारी संस्था भएको उल्लेख गरिन् । कार्यक्रमका सभाध्यक्ष तथा सहकारीका अध्यक्ष बिष्टले मंगलदीप बचत तथा ऋण सहकारीबाट दिइने सेवा तथा कार्य विवरणको विषयमा सदस्यहरूलाई जानकारी दिएका थिए । कार्यक्रममा अध्यक्ष विष्टले भने-'थाहानगर ग्रामिण क्षेत्र, कृषि, पर्यटन, र व्यापारमा आधारित क्षेत्र भएकोले बजारको बचत गाउँमा लगानी गर्ने योजना रहेको छ ।'

मंगलदीपको मोबाईल बैंकिङ सुविधाबाट नै रेमिट गर्न सकिने, कनेक्ट आई.पि.एस. गर्न सकिने, सिधै खाताबाट वालिटमा लोड गर्न सकिने लगायतका विभिन्न सेवाहरू रहेको छ ।

### *यस्तो छ, मंगलदीपको परिचय*

ललितपुरको लगनखेल मुख्य कार्यालय रहेको मंगलदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना वि.सं. २०७१ साल चैत्र ९ गते भएको हो । लामो समय सहकारीमा अनुभव प्राप्त तथा व्यवस्थापकीय ज्ञान भएका व्यक्तिहरूको समूहले शुरू गरेका हुन् । यस सहकारीले, सहकारीको आधारभूत मान्यतालाई आत्मसात गर्दै सेवा प्रवाह गरिरहेको छ ।

सहकारीले सदस्यहरूबीचको सम्बन्धलाई आर्थिक गतिविधिमा मात्र सीमित नराखी सामाजिक तथा साँस्कृतिक हिसाबले समेत चेतनास्तरमा अभिवृद्धि गरी शिक्षा स्वास्थ्य रोजगार लगायत सामाजिक जीवनका विभिन्न सकारात्मक पक्षहरूमा सहकारीका माध्यमबाट नयाँ आयाम कोर्ने दृढ संकल्प गरेको छ । निक्षेपमा आकर्षक व्याज दिने, उत्पादनमुलक क्षेत्रको पहिचान गरी सुरक्षित र छिटो छरितो तरिकाले सर्वसुलभ कर्जा प्रवाह गर्ने सहकारीको नीति रहेको छ । आफ्ना सदस्यहरूलाई आत्मनिर्भर बनाउने सहकारीको लक्ष्य रहेको छ ।

सदस्यहरूलाई नियमित बचत गर्ने बानी बसाल्ने तथा उत्पादनशील क्षेत्रमा लगानी गरी आर्थिक सवलीकरण गराउने र सदस्यको आर्थिक तथा सामाजीक जीवनमा टेवा पु¥याउने मंगलदीपको उद्देश्य रहेको छ ।

### नि:शुल्क खाता, आकर्षक व्याज दर

मंगलदीपले आफ्नो सदस्य हुन चाहने ग्राहकको खाता नि:शुल्क खोलिदिने जनाएको छ । त्यसोत: सहकारीले आफ्ना बचतकर्तातालाई आकर्षक ब्याज दिने समेत जनाएको छ । सहकारीको थाहानगर सदस्य सेवा केन्द्रको अवसरमा यस्तो जानकारी दिइएको हो ।

सहकारीले निक्षेप संकलनमा न्यूनतम ५ प्रतिशतदेखि १३ प्रतिशतसम्म व्यज दिने जनाएको छ । सहकारीमा सदस्यहरूले दैनिकको अलवा साप्ताहिक र मासिक समेत बचत गर्न सक्नेछन् । सहकारीले आफ्ना सदस्यलाई बचतका लागि कुनै परिधि बनाएको छैन । सदस्यले आफूले जतिपनि रकम जम्मा गर्न र जम्मा रकम झिक्न सकिने व्यवस्था गरेको छ । बचतमा ३/३ महिनामा ब्याजको गणना गरिने संस्थाले जनाएको छ ।

संस्थाले मुद्दती, ऋमिक आवधिक बचत, ३६५ दिन बचत योजना, महिला उद्यमी बचत योजना, मंगलदीप विशेष बचत, बाल भविष्य बचत, ज्येष्ठ नागरिक बचत लगायतको बचत सुविधा प्रदान गर्ने अध्यक्ष नवराज विष्टले जानकारी दिए । अध्यक्ष विष्ट भन्छन्-'सहकारी सबैको साझा संस्था भएकोले सदस्यहरूको सुखमा बचत लिन्छौं, दु:खमा कर्जा सहयोग सजिलै उपलब्ध गराउँछौं ।'

## बजेट अध्यादेशको असर मकवानपुरका ११ योजना कटौती

◆ विकास संवाददाता

केपी शर्मा ओलीको सरकारले सुरू गरेका १४ सय भन्दा बढी सडक आयोजना बजेट अध्यादेश प्रतिस्थापन विधेयकमार्फत कटौती भएका छन् ।

यसरी कटौटी भएका योजनामा मकवानपुरको थाहानगरको एउटा सहित जिल्लाको ११ योजना रहेको छ । थाहा नगरपालिकाको वडा नम्बर ३ थानाबजार-देउराली-चिसापानी हुँदै कैलाश गाउँपालिका जोड्ने सडकको बजेट कटौती भएको हो । बहुवर्षे योजनामा समावेश गरी उक्त सडकका लागि आर्थिक वर्ष २०७८/०७९ मा २४ लाख रूपियाँ विनियोजन गरिएको थियो ।

तत्कालीन प्रधानमन्त्री ओलीले सडक पूर्वाधार कार्यक्रमतर्फ १ सय ६५

थाहानगरको एउटा योजना कटौती




निर्वाचन क्षेत्रमा बन्ने १४ सय १० वटा सडक शिलान्यास गरेका थिए । सडक नजोडिएका र सुधार गर्नुपर्ने सडक पनि सो आयोजनामा परेका थिए । तर अहिलेको सरकारले बजेट नभएको भन्दै आयोजना नै खारेज गरिदिएको छ ।

अर्थमन्त्री शर्माले ल्याएको बजेटमा आर्थिक प्राविधिक दृष्टिकोणबाट अध्ययन नभएका र पूर्व तयारी नभएका प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गर्न सकिने प्रकृतिका करिब १४ सय सडक आयोजना आवश्यकता र औचित्यको आधारमा खारेजी वा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने गरी हाल त्यस्ता आयोजनाको कार्यान्वयन स्थगित गरिएको छ भनेर उल्लेख गरिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले स्थगित गरिएका सडकको बारेमा बताउन चाहेको छैन । मन्त्रालयले कुनै जानकारी नभएको बताएको छ । अघिल्लो सरकारले १ हजार ४१० वटा सडकको लागि ३ अर्ब ४९ करोड ७० लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# सहकारीमा सुशासनको चुनौती

## • सम्पादकीय •

### खैत ! रासायनिक मल कारखानाको योजना ?

नेपालमा वर्षेनी रासायनिक मलको अभाव चुलिइरहन्छ । हो, त्यही बेला रासायनिक मल कारखाना खोल्ने बहस हुन्छ । त्यतिबेला नेपालका राजनीतिक दलहरु र सरकारका नेतृत्व गरिरहेकाहरुले बोल्ने कुरा हो–'अब नेपालमा मल कारखाना पनि खोल्नुपर्छ ।' नेपाल रासायनिक मलमा परनिर्भर भइरहेको र विदेशबाट ल्याउन चाहे पनि समयमै ल्याउन नसकिएको पृष्ठभूमिमा मल कारखाना खोल्ने उद्घोष आउनु सकारात्मक भए पनि विश्वास गरिहाल्ने अवस्था भने कहिल्यै आएन । सरकारले यसअघि पटक–पटक प्रयास गर्नुका साथै अध्ययन प्रक्रिया अघि बढाएर पनि काम शुरु नगरेको सन्दर्भमा यसपटक पनि राजनीतिक प्रचारबाजीका लागि मात्रै हो भने यसको अर्थ भएन, अन्यथा नेपालभित्र रासायनिक मल कारखाना खोल्नु आवश्यक छ। त्यसका लागि सरकारले आफ्नै लगानी, दातृ निकायको अनुदान, ऋण वा जनताको लगानी जस्तोसुकै मोडल अघि सारे पनि मल कारखाना भने जरुरी छ। समयमै मल उपलब्ध नहुँदा यही वर्ष धानी बाली प्रभावित हुन पुग्यो। करिब ५० हजार मेट्रिक टन युरिया ल्याउन खोज्दा पनि समयमै आउन सकेन। मल आपूर्तिको सम्झौता गरेका दुई कम्पनीले समयमै मल नल्याउँदा अभाव मात्र भएन, धान उत्पादनमा नै समस्या सिर्जना हुन पुग्यो।

नेपाल मलमा परनिर्भर हुनाले एकातिर खाद्यान्न उत्पादन बढाउन सकिएको छैन भने अर्कोतिर सीमित बिचौलियाहरुले ठेक्का पार्ने तर काम नगर्ने समस्या सिर्जना भइरहेको छ। यस्तो बिडम्बना छ कि नेपालले किन्न चाहेर पनि खेतीपातीका समयमा प्रयाप्त मल पाउन मुस्किल हुन्छ । गएको वर्षातमा बंगलादेशबाट मल ल्याउन सरकार प्रमुखहरुबीच नै सहमति हुँदा पनि मल ल्याउन सकिएन। राष्ट्रपति प्रधानमन्त्रीले नै सहमति गर्दा पनि मल ल्याउन नसक्नुको अर्थ हो– नेपालमा मलको अभाव पूर्ति गर्नु सहज छैन। यो अहिलेको मात्रै होइन, वर्षेनि समस्याजस्तै बन्दै आएको छ। दुई वर्षअघि सात लाख मेट्रिक टन रासायनिक मलको माग भएकामा नेपालले केवल तीन लाख २५ हजार मेट्रिक टन मात्रै आयात गरेको थियो। विदेशबाट आयात गर्नुपर्ने परिमाणमध्ये केही भारतसँगको खुला सिमानाको फाइदा उठाउँदै अबैध रूपमा भित्रिन्छ। नेपालमा विशेष गरी भारतबाटै अधिक परिमाणमा रासायनिक मल भित्र्याइन्छ। भारत आफैले मलको अभाव झेलिरहेको बेला नेपाललाई सहज उपलब्ध गराउने अवस्था पनि रहँदैन। यो समस्याको दिगो समाधान भनेको देशभित्रै मल कारखाना स्थापना नै हो। लामो समयदेखि नेपालमै रासायनिक मलको कारखाना खोल्ने चर्चा भए पनि योजना अघि बढ्न सकिरहेको छैन। यसको मुख्य कारण नेपालको इच्छाशक्ति नहुनु हो। भन्न त प्राविधिक हिसाबले नेपालमा मल कारखाना खोल्न सजिलो छैन भनिएको छ तर सरकारले चाहेको खण्डमा जस्तोसुकै कठिन काम पनि सम्पन्न गर्न सकिन्छ।

नेपालमा मल कारखाना खोल्ने सवालमा कर्मचारीतन्त्र र कतिपय विज्ञहरु सकारात्मक छैनन्। त्यस्तै पूँजीपतिहरुले नेपाली कर्मचारीतन्त्रमार्फत आफ्ना चाहना अघि सारेका हुनसक्छन्। झण्डै २५ वर्षअघि गरिएको एउटा अध्ययनले नेपालमा मल कारखाना खोल्न सम्भव नभएको प्रतिवेदन दिइएको थियो। फेरि चार वर्षअघि लगानी बोर्डले गरेको अध्ययनले नेपालमा मल कारखाना सम्भव भएको देखाएको थियो। गत वर्ष सरकारले कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवको नेतृत्वमा 'रासायनिक मल कारखाना सम्भाव्यता अध्ययन कार्यदल' गठन गरेको थियो। यो कार्यदललाई कुनै पनि खाले दबाबबाट मुक्त राखेर देशको हितका लागि अनुकूल प्रतिवेदन ल्याएर कारखाना खोल्न गृहकार्यका लागि तत्काल थाल्न जरुरी छ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

*एकका लागि सबै र सबैका लागि एक भन्ने सहकारीको सिद्धान्तलाई व्यवहारमा उतार्न काँधमा जिम्मेवारी, हृदयमा इमानदारी, मस्तिष्कमा समझदारी तथा भविष्यदर्शी योजना एवम् म र मेरोभन्दा पनि हामी र हाम्रो भन्ने विवेक र विचार भएको निःस्वार्थ नेतृत्व र सञ्चालकहरुबाट मात्र दिगो रूपमा सहकारी फस्टाउन सक्छ ।*



बाबुकाजी कार्की

सहकारी व्यवस्थापन तथा सञ्चालनमा सुशासन कायम गर्नु चुनौती बन्दै गएको छ । अधिकांश सहकारीमा सञ्चालक समितिको चयन, कर्मचारीको नियुक्ति, आम्दानी खर्चको पारदर्शिता आदि समस्यामूलक छ भन्ने गुनासाहरूमा सत्यता देखिन्छ । सेयर सदस्यहरूको सदाशयता र विश्वासको गलत फाइदा उठाउँदै कतिपय केही धूर्त व्यक्तिहरूले सञ्चालकलगायतका समितिहरूमा परिवारका सदस्य वा नजिकका व्यक्तिहरू राखेर मनलागी गर्ने क्रम बढेको पाइन्छ । पदाधिकारी चयन, अडिटको प्रमाणीकरण आदी काइते एवं रकमी सिन्डिकेटका आधारमा अपारदर्शी साधारण सभाबाट कागजी प्रक्रिया पूरा गरी टाठाबाठाहरूको हैकम कायम राख्ने प्रवृत्ति मौलाउँदै गएको छ । सहकारीमा खर्चका विवरणहरू वास्ताविकताभन्दा पनि बिल भर्पाइ दुरूस्त राखी व्यक्तिगत लाभ लिने दुराशयका कारण सहकारीको सिद्धान्त र मर्ममाथि नै प्रश्न खडा गरिदिएको छ । कमिसनमा कमाउने र चाकडीमा रमाउने प्रवृत्ति कतिपय सञ्चालकहरूको नियत रहेको छ । सहकारीका केही लोभीपापी सञ्चालकहरू जागिरे पनि भई आफ्नो सेवासुविधा बढाउने जस्ता निन्दनीय र हास्यास्पद निर्णय गरेका घटनाहरू सामान्य बन्दै गएका छन् । सहकारी सञ्चालनमा विधि र प्रक्रियासम्मत पारदर्शी कार्यशैलीभन्दा पनि सामन्ती सोच र स्वार्थबाट प्रदूषित हुँदै जानु भविष्यका लागि शुभसंकेत होइन । सहकारीमा देखिएका बेथिति नियमन गर्दै सुशासन कायम गर्न सम्बन्धित निकाय बेलैमा चनाखो नहुने हो भने बेथिति झन् मौलाउने निश्चित छ ।

स्वेच्छिक तथा खुला सदस्यता, सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रण, आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारीबीच पारस्परिक सहयोग तथा समुदाय र वातावरणप्रति सहकारीका आधारभूत सिद्धान्त हुन् । सहकारीको जन्म गरिबी, असमानता, भेदभावकै विरूद्धमा भएको हो । नेपालमा पछिल्लो समयमा सहकारीको संख्यात्मक वृद्धि तीव्र गतिमा भएको पाइन्छ । नेपालमा पहिलो सहकारी ऐन, २०४८ बन्दा ८ सय ३३ मात्र सहकारी भएकोमा हाल २९ हजार ८ सय ८६ सहकारीमा ७३ लाख ७ हजार ४ सय ६२ भन्दा बढी मानिसहरू सेयर धनीका रूपमा संगठित भएका छन् । विगत तीन वर्षमा ४ हजार ६ सय ४४ सहकारी घटेका छन् । सहकारी संघीय सरकारअन्तर्गत १ सय २५, प्रदेश सरकारअन्तर्गत ६ हजार २ सय र स्थानीय सरकारअन्तर्गत २३ हजार ७ सय ५९ रहेका छन् । हाल सञ्चालित सहकारीमध्ये २० विषयगत केन्द्रीय संघ, एक राष्ट्रिय सहकारी बैंक, एक राष्ट्रिय सहकारी महासंघ र २ सय ४१ विषयगत जिल्ला सहकारी संघ क्रियाशील छन् । सहकारीमा ५६ प्रतिशत महिला सदस्य रहेका छन् । सहकारी संघसंस्थाले मुलुकभर ८८ हजार ३ सय ९ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ । अहिले सहकारीको कारोबार १० खर्ब तथा ९४ अर्ब १० करोड सेयर पुँजी तथा ४ खर्ब ७७ अर्ब ९६ करोड बचत संकलन गरी ४ खर्ब ३६ करोड ऋण गरेको सरकारी तथ्यांकले पुष्टि गरेको छ । कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत, वित्तीय क्षेत्रमा २० प्रतिशत १ लाख प्रत्यक्ष रोजगारी, १० लाख स्वरोजगारी र कम्तीमा पनि ५ खर्बको वित्तीय कारोबार सहकारीहरूले गरेको तथ्यांकीय आकलनले देखाएको छ ।

राज्यले अंगीकार गरेको सार्वजनिक, निजी र सहकारी संस्थाको त्रिकोणात्मक सहकार्यबाट देशको समृद्धि हुने वास्ताविकता हो । नेपालको संविधानले संकल्प गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण र व्यवस्थित गर्न सफल र सबल सहकारीले अर्थपूर्ण योगदान पुऱ्याउन सक्छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामार्फत उपलब्ध साधनस्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण र राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने संविधानको राज्यका निर्देशक सिद्धान्तभित्र पर्छ । आर्थिक समृद्धि र आत्मनिर्भर अर्थव्यवस्थाका लागि आवश्यक नीतिनियमको व्यवस्था र कार्यान्वयन गर्ने अभिभारा सरकारको भए तापनि अन्य सरोकार पक्षको सक्रिय सहभागिताको पनि उत्तिकै महत्व रहन्छ ।

सहकारीको परिभाषा र सिद्धान्तसमेतलाई अपव्याख्या गर्ने यस्ता विकृत गतिविधिलाई निरूत्साहित र व्यवस्थित गर्न नयाँ सहकारी ऐन–नियमको प्रभावकारी कार्यान्वयन अपरिहार्य भइसकेको छ । मौजुदा सहकारी ऐनमा केही सकारात्मक व्यवस्था भए पनि अझ धेरै सच्याउनुपर्ने विषयहरू छुटेको महसुस हुन्छ । सहकारीमा सर्वसाधारणको सहज र स्वस्फूर्त सहभागितालाई नियमनका नाममा संकुचित बनाउने प्रयास गरेको पाइन्छ । दण्ड र सजायभन्दा पनि प्रजातान्त्रिक प्रक्रिया र नैतिक बन्धनलाई समेत प्रोत्साहित गर्ने खालको नीतिबाट मात्र विकृतिहरूको दिगो नियमन हुन सक्छ । नेपालका कतिपय नियम कानुन राम्रा भए तापनि कार्यान्वयन फितलो हुनाले कागजमा नै सीमित भएका छन् । अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेका सहकारी सिद्धान्त र मान्यतालाई समेत मध्यनजर राखेर सहकारी सञ्चालन हुनुपर्छ । अभियन्ताहरूसँगको घनिभूत छलफलबिना ल्याइने सहकारी ऐननियमहरू प्रभावकारी हुन सक्दैनन् । सहकारीका सबल र दुर्बल पक्षहरू केलाएर समसामयिक सुधार तथा अनियमित गर्नेलाई दण्ड र राम्रोलाई पुरस्कृत गर्नका लागि अनुगमन निरीक्षण गर्ने परिपाटी प्रभावकारी हुन सकेको छैन । सहकारीमा हुने आर्थिक अनियमिततालाई निरूत्साहित गर्दै पारदर्शी बनाउन आम्दानी र खर्चको अनिवार्य सामाजिक लेखापरीक्षण गर्र्ने प्रावधानले आर्थिक अनुशासन कायम गर्न कोसेढुंगा हुन सक्छ ।

कोरोनाले अन्य क्षेत्रजस्तै आर्थिक क्षेत्रमा पनि विशेष नकारात्मक प्रभाव परेको छ । वित्तीय संघसंस्थाहरू दिनप्रतिदिन शिथिल बन्दै गएका छन् । कोरोना महामारीको सबैभन्दा बढी सकस सहकारी क्षेत्रमा परेको टड्कारो देखिन्छ । दैनिक बचत तथा ऋण प्रवाहबाट चलायमान रहने सहकारीहरू लामो लकडाउनका कारण प्रायः ठप्प नै भएका थिए । कतिपय सहकारीले कारोबार बन्द गर्न विवश भएको सञ्चालकहरूको दुखेसो छ । सहकारीहरूमा अस्तव्यस्त व्यवस्थापन तथा दूरदर्शी योजना नभएको कारणले पनि यो अवस्था आइलागेको हो । सहकारीको दर्शन तथा मर्म र भावनाभन्दा पनि केही सीमित टाठाबाठा व्यक्तिहरूको स्वेच्छाचारीमा चलेका सहकारीको अवस्था टीठलाग्दो हुनु अनौठो होइन ।

देशभरि छरिएर बसेका सबैखाले खासगरी बैंक र वित्तीय ज्ञान नभएका जनसमुदायको आम्दानीलाई व्यवस्थित र उचित प्रवर्द्धनका लागि सहकारी वरदान साबित हुन सक्छ । सीमित आम्दानी भएका जनसमुदायबाट संकलित बजेटको उत्पादनमूलक क्षेत्रमा लगानी गरेर सामाजिक–आर्थिक विकास गर्न उदाहरणीय भूमिका व्यवस्थित रूपमा सञ्चालित सहकारीले मात्र गर्न सक्छन् । तसर्थ एकका लागि सबै र सबैका लागि एक भन्ने सहकारीको सिद्धान्तलाई व्यवहारमा उतार्न काँधमा जिम्मेवारी, हृदयमा इमानदारी, मस्तिष्कमा समझदारी तथा भविष्यदर्शी योजना एवम् म र मेरोभन्दा पनि हामी र हाम्रो भन्ने विवेक र विचार भएको निःस्वार्थ नेतृत्व र सञ्चालकहरूबाट मात्र दिगो रूपमा सहकारी फस्टाउन सक्छ । संविधानले निर्दिष्ट गरेको आर्थिक समानता, समृद्धि, सुशासन तथा आत्मनिर्भताका लागि व्यवस्थित गर्न सहभागितामूलक सिद्धान्तमा आधारित सहकारीको भूमिका उदाहरणीय रहन्छ ।

समुदायमा छरिएर रहेको निष्क्रिय पुँजीलाई एकीकृत गरी उत्पादनमूलक कार्यमा परिचालन गर्नु सहकारीको धर्म हो । ग्रामीण तथा सहरी क्षेत्रमा सहकारीले व्यक्ति र सानातिना संघसंस्थाहरूलाई आफ्नो योग्यता, क्षमता र औकातअनुसार उन्नतिका लागि छरिएर बसेको पुँजी लगानी गर्न सहकारीले प्रोत्साहित गर्नुपर्छ । पिछडिएका र सीमान्तकृत विपन्न वर्गका समुदायमा भएको परम्परागत सीपलाई परिमार्जन र परिष्कृत गर्दै स्वरोजगार बन्ने चेतना, अवसर र उत्साह प्रदान गर्ने काममा सहकारीले अग्रणी भूमिका निर्वाह गरिनुपर्छ ।

# रूघाखोकीमा घरेलु औषधि



अहिले ज्वरो र खोकीले धेरैलाई सताइरहेको छ । कोरोना संक्रमणको लक्षण जस्तै भएपनि अहिले मौसमी फ्लुको कारण यस्तो भएको चिकित्सकको भनाई छ । हुन त कोरोना संक्रमणको भय पूर्णत हटिसकेको छैन । अझैपनि यसको जोखिम कायमै छ । यद्यपि अहिले कतिपयलाई सताइरहेको रूघा-खोकी, ज्वरो आदि भने मौसमी फ्लु हो ।

रूघाखोकी लाग्नसाथ औषधि खाने प्रवृत्ति व्यापक छ । चिकित्सकको परामर्श बिना नै औषधि खाँदा थप जटिलता आउन सक्छ ।

रूघाखोकी मात्र लागेको हो भने तातो पानीको बाफ लिनु पनि निकै राम्रो हुन्छ । त्यसो त सामान्य ज्वरो वा रूघाखोकीमा घरेलु औषधि पनि उपयोगी हुन्छ ।

खासगरी रूघाखोकी लागेको अवस्थामा बेसार, तुलसी, अदुवा जस्ता घरेलु औषधि खाएर पनि निको हुन्छ ।

रूघाखोकीबाट राहत पाउनको लागि १ गिलास तातो दुधमा १ चम्चा बेसार मिसाएर पिउनुपर्छ । तुलसी रूघाखोकीको लागि निकै प्रभावकारी औषधि हो । तुलसीको चार पाँच पत्ता तुलसी चपाउनाले घाँटीको खसखर र खोकीबाट राहत मिल्छ । यसलाई चिया वा तातोपानीमा उमालेर पनि पिउन सकिन्छ ।

अदुवाको रस महमा मिसाएर खाएमा पनि खोकीबाट राहत मिल्छ । रति सुत्नभन्दा अगाडि दूध वा चियामा अदुवा उमालेर पिउनुपर्छ । यसैगरी अलैंचीलाई चियामा उमालेर पिउनाले रूघाखोकी ठिक गर्छ ।

यदि कफ जमेको छ भने निम्न विधीहरू अपनाउन सकिन्छ ।

### मह र कागती

एक चम्चा अर्गानिक मह र २ चम्चा कागतीको रस मिसाएर पिउनुपर्छ । यसले तपाईंको घाँटीलाई आराम दिन्छ । महमा एन्टीब्याक्टेरियल र एन्टी फंगल गुण पाइन्छ । त्यस्तै कागतीमा भिटामिन सीको भरपुर मात्रा पाइन्छ जसले घाँटीलाई तुरून्त आराम दिलाउँछ ।

### मरिच

मरिच केही पिरो र स्वादमा तिख्खर हुन्छ । यो श्वासप्रशवसको समस्या समाप्त गर्नको लागि आयुर्वेदमा चमत्कारी औषधि मानिन्छ । यसले कफलाई समाप्त गरिदिन्छ ।

मरिचमा पाइपरलांगमाइन नामक रसायनिक तत्व पाइन्छ र यसले हाम्रो शरीरमा एन्जाइम बन्नबाट रोक्छ । शरीरमा बन्ने एन्जाइमले खोकी र यसको इन्फेक्सनलाई बढाउँछ जुन कफको कारण बन्छ । दैनिक एक कप पानीमा २० दाना जति मरिच उमाल्नुहोस् र फेरि त्यसमा मह मिसाएर पिउनुपर्छ ।

### तातो पानी

कफ जमेको स्थितीमा हल्का तातो पानी पिउनुहोस् । यसले छाती र घाँटीमा जमेको कफको मात्रालाई कम गर्छ । कागती पानी वा कागतीको चिया पिएर पनि तपाईं आफूलाई हाइड्रेट राख्न सक्नुहुन्छ ।

### नुनपानीले कुल्ला

नुन पानीले कुल्ला गर्नाले घाँटीलाई राहत मिल्छ र घाँटीमा जमेको कफ सफा हुन्छ । यसले घाँटी सफा हुन्छ र घाँटीमा भएका सबै किटाणु पनि मर्छन् ।




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |



# बालबालिकालाई सुनौं

अक्सर अभिभावक के ठान्छन् भने बच्चासँग कुराकानी गर्नु आवश्यक छैन । बच्चाहरू आफै खेलिहाल्छ । तर, बच्चासँग कुराकानी गर्ने, उनीहरूको भावना बुझ्ने, इच्छा बुझ्ने प्रयास गर्नुपर्छ । हुनसक्छ, उनीहरू आफुलाई खुलस्त रूपमा व्यक्त गर्न सक्दैनन् । यद्यपि केहि कुरा गर्न खोजिरहेका हुन्छन् । यसका लागि अभिभावकले उनीहरूसँग मित्रवत् व्यवहार गर्नुपर्छ ।

बच्चाका लागि अभिभावकले साथीको भूमिका पनि खेल्नुपर्छ । उनीहरूसँग बातचित गर्ने, खेल्ने, हाँस्ने, कार्टुन हेर्ने, रमाउने गर्नुपर्छ । यसले गर्दा बच्चाहरू अभिभावकसँग घुलमिल हुन्छन् । उनीहरूले एक्लो अनुभव गर्दैनन् ।

अहिले के ट्रेन्ड छ भने, एउटा मात्र बच्चा जन्माउने । यसले बच्चाहरू एक्लिदै गएका छन् । एउटा दम्पतीले एउटा मात्र बच्चा जन्माउने प्रवृत्ति छ । यसले गर्दा बच्चाले आफ्नो साथी पाउँदैनन् । आफु जस्ते दौतरी पाउँदैनन् । यसरी उनीहरू एक्लिदै गएका छन् ।

पछिल्लो समय बच्चाहरू मोवाइल, ल्यापटप आदिमा लिप्त हुनुको पछाडि उनीहरू एक्लो भएर नै हो । बच्चाले आफुलाई भुलाउनका लागि पनि मोवाइल, ल्यापटपको साहारा लिनुपर्ने अवस्था छ ।

यसैले बच्चाका लागि अब आमाबुवाले अभिभावक मात्र होइन साथी पनि बन्नुपर्छ । उनीहरूसँग खेल्ने, रमाउने गर्नुपर्छ । आपसमा संवाद गर्नुपर्छ । यसले उनीहरूको मानसिकता बुझ्न सहयोग गर्छ । उनीहरू के गर्न चाहन्छन् ? के गर्दा खुसी हुन्छन् ? कुन कुरालाई कसरी लिन्छन् ? यावत् जान्नका लागि पनि बच्चासँग संवाद गर्नुपर्छ ।


धेरै अभिभावकले गर्ने गल्ती हो, आफ्नो बच्चालाई अरूसँग तुलना गर्ने । फलानो बच्चा यस्तो छ, यसरी पढ्छ, यसरी होमवर्क गर्छ, यसरी सफासुग्घर बस्छ, यति ज्ञानी छ, यति सिपालु छ । यसले बच्चालाई प्रेरित गर्दैन, बरू हतोत्साही गर्छ । किनभने कुनै बच्चासँग अर्को बच्चा तुलना हुनै सक्दैन । एउटा बच्चाले पढाईमा राम्रो अंक ल्यायो भने, अर्को बच्चाले पनि उत्तिनै ल्याउनुपर्छ भन्ने छैन । अर्को बच्चा चित्रकलामा अब्बल हुनसक्छ । गाउनमा सिपालु हुनसक्छ । कुनैपनि बच्चालाई अर्कोसँग तुलना गर्नु अभिभावकको सबैभन्दा ठूलो मूर्खता हो । संसारमा सबैमा एउटै गुण हुँदैन ।

आफ्नो बच्चाले पढाईमा राम्रो गरेन भनेर धेरै अभिभावक गुनासो गर्छन् । जबकी त्यही बच्चाको अर्को के खुबी छ भन्ने कुरा खोज्ने काम गरिदैन ।

हरेक बच्चाको आ-आफ्नै क्षमता, खुबी हुन्छ । त्यसलाई चिन्नुपर्छ । बच्चाको क्षमता जे कुरामा छ, त्यसैमा प्रोत्साहित गर्नुपर्छ । बच्चाको उज्वल करियरका लागि पढाइमा धेरै अंक हासिल गर्नुपर्छ भन्ने पुरातन र अवैज्ञानिक मान्यतालाई त्यागौं । बरू, उनीहरूको क्षमता पहिचान गरेर त्यसलाई गोडमेल गरौं ।

बच्चालाई शारीरिक तथा मानसिक रूपमै बलियो बनाउनुपर्छ । यसका लागि उनीहरूलाई सन्तुलित खानपानको त आवश्यक हुन्छ नै, प्रोत्साहनको पनि । बच्चालाई सानोतिनो कामका लागि प्रोत्साहित गर्नुपर्छ । हौसला दिनुपर्छ । उनीहरूले कहिले पनि आफुलाई कमजोर ठान्नु नपरोस् । अपहेलित अनुभव गर्न नपरोस् ।

बच्चाले राम्रो काम गर्ने प्रयास गर्छ भने उनीहरूलाई थप हौसला दिनुपर्छ । यसले उनमा आत्मामनोबल त बढ्छ नै, नराम्रो काम गर्नु हुँदैन भन्ने बोध पनि हुन्छ ।



# साधारणसभाको अवसरमा नारी संरक्षण केन्द्रले गर्‍यो सहयोगीलाई सम्मान

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडा-४ स्थित नारी संरक्षण केन्द्रको बीसौं बार्षिक साधारणसभा आइतबार भएको छ । बेचबिखनमा परेका तथा विपन्न परिवारका बालबालिकाको संरक्षण गर्दै आएको संस्थाले साधारणसभाको अवसरमा सहयोगी संघ, संस्थालाई सम्मान समेत गरेको छ ।

संस्थाका उपाध्यक्ष भिष्मराज सापकोटाको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी उपमेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको साधारणसभाको उद्‍टन कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलको पनि उपस्थिति रहेको थियो ।


साधारणसभामा नारी संरक्षण केन्द्रकी सचिव प्रतिकला चौधरीले संस्थाको प्रगति प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । संरक्षण र शिक्षा परियोजनाअन्तर्गत केन्द्रले २ जना बालक र २६ जना बालिकालाई आवासीय सुविधासहित संरक्षण गरिराखेको



सचिव चौधरीले जानकारी दिइन् । संरक्षित बालबालिकाको परिवारको आयआर्जनका लागि सिलाई तालिमका साथै उपकरण सहयोग सहयोग गर्दै आएको बताइएको छ ।

आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनको मापदण्ड लागू गर्न भने कठीन भएको सचिव चौधरीको भनाइ थियो । यस्तै नारी संरक्षण केन्‍की कोषाध्यक्ष प्रिस्किला तामाङले आर्थिक बर्ष २०७७/७८ मा ८७ लाख ३१ हजार अनुदान सहयोग प्राप्त भएको र ८६ लाख २० हजार रूपैयाँ खर्च भएको जानकारी दिइन् ।

## मन्त्रालयमा आचारसंहिता !



◆ विकास संवाददाता

बागमती प्रदेशको सामाजिक विकास मन्त्री विजय सुवेदीले आफ्नो आचारसंहिता २०७८ लागू गरेका छन् । ३ असोजमा मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै सामाजिक विकास मन्त्रीको आचारसंहिता लागू गरेका हुन् ।

उनले आचारसंहितामा आफ्नो हस्ताक्षर गर्दै आचारसंहिता लागू भएको सार्वजनिक गरेका हुन् । यसअघि बागमती प्रदेशले प्रदेश सरकारका मन्त्री तथा राजनीतिक पदाधिकारीहरूको आचार संहिता २०७८ जारी गरेको थियो । सोही आचारसंहिता बमोजिम मन्त्री सुवेदीले मन्त्रीको भूमिकालाई जनमूखि तथा उत्तरदायी बनाउन आचारसंहिता जारी गरेको बताए ।

## योजना आयोगमा जिम्मेवारी बाँडियो



◆ विकास संवाददाता

बागमती प्रदेशको प्रदेश नीति तथा योजना आयोगको पूर्ण बैठकले उपाध्यक्ष र सदस्यहरूको जिम्मेवारी बाडफाँड गरिएको छ । प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यको अध्यक्षतामा बसेको पूर्ण बैठकले बिभीन्न निर्णयहरू गरेको हो ।

बैठकले जिम्मेवारी बाँडफाँडमा कुन् मन्त्रालय कसले हेर्ने भन्नेकुरा उल्लेख गरिएको छ । नीति तथा योजना आयोगको बैठक प्रत्यक महिनाको तीन गते बस्ने निर्णय भएको छ । नीति तथा योजना आयोगको चार वर्षको वार्षिक कार्यक्रमका तयार पारिने भएको छ । यो वर्ष गर्नुपर्ने कामका विषयमा समिक्षा गरेर सरकारलाई अब जानुपर्ने बाटोका विषयमा सरकारलाई जानकारी गराउने निर्णय भएको छ ।

## मकवानपुरमा ५ महिनामा

# एकसय बढीको वालविवाह

> बागमती सरकारले प्रदेशबाट २०७८ भित्रै बालविवाह अन्त्य गर्ने नीति तथा कार्यक्रम पारित गरेको छ । तर मन्त्रालयकै अध्ययनले पनि त्यस्तो संकेत दिँदैन ।

मुलुकी देवानी संहिता ऐन २०७४ ले २० वर्ष नपुगी गरिएको विवाहलाई बालविवाहका रूपमा परिभाषित गरेको छ। यस्तो विवाह गरे/गराइए सजाय हुने र विवाह पनि स्वतः खारेज हुने व्यवस्था पनि छ । तर यति हुँदाहुँदै पनि प्रदेशका विशेषगरी दुर्गम क्षेत्रमा बालविवाह गर्नेको संख्या र अवस्था चिन्ताजनक देखिएको छ ।

पछिल्लो ४ महिनामा मकवानपुरको राक्सिराङ गाउँपालिका वडा नम्बर ६ सिलिङेस्थित श्री माध्यमिक विद्यालयका ८–१० कक्षासम्म अध्ययन गर्ने १३–१६ वर्ष उमेर समूहका ३ छात्राको विवाह भएको छ । ८ कक्षामा पढ्दै गरेकी लक्ष्मी चेपाङले गाउँकै १७ वर्षीय चेपाङ युवकसँग भागेर विवाह गरिन् । प्रधानाध्यापक ताराप्रसाद दुवाडीले भने, 'लक्ष्मीका बाबुले फोन गरेर छोरीले विवाह गरेको जानकारी दिएका थिए ।' उनी मात्र होइन कक्षा १० मा अध्ययनरत १७ वर्षीया पूजा चेपाङले पनि विवाह गरेकी छन् ।

'मलाई जानकारीमा आएसम्म वैशाखदेखि भदौसम्म ३ छात्राले विवाह गरेका छन्,' दुवाडीले भने । उनका अनुसार कोरोना संक्रमणको पहिलो लहर ताका उक्त विद्यालयका ५ जना छात्राले बालविवाह गरेका थिए। निषेधाज्ञाका कारण यो वर्ष वैशाखको दोसो सातादेखि भदौ अन्तिम सातासम्म विद्यालय बन्द थिए । राक्सिराङकै धिराङ र दामराङस्थित विद्यालयका पनि २ छात्राको यही अवधिमै विवाह भएको छ । उनीहरूको उमेर १२ र १६ वर्ष रहेको राक्सिराङ-७ का अध्यक्ष कुलबहादुर चेपाङले बताए । उनीहरू ५ र ६ कक्षामा पढ्थे । राक्सिराङ-९ अठारेस्थित कालिका माविमा पढ्ने २ छात्राको पनि विवाह भएको छ । 'योभन्दा धेरैले विवाह गरेको हुन सक्छ तर अहिले जानकारीमा आएका यति मात्र हुन्,' शिक्षक दीपेन्द्र झाले बताए ।

मकवानपुरकै कैलाश गाउँपालिका-३ कटुञ्जेस्थित भवानी माविमा कक्षा ६ कक्षामा पढ्ने १५ वर्षीया रामकुमारी चेपाङ र कक्षा ७ मा पढ्ने १६ वर्षीय मञ्जु वाइबाले गाउँकै किशोरसँग विवाह गरे । उनीहरूबाहेक पनि बालविवाह गर्ने ३ छात्रा रहेको प्रधानाध्यापक बालकुमार मल्लले बताए । दुर्गम क्षेत्रमा अशिक्षा, गरिबी र मोबाइलका कारण पनि सानै उमेरमा विवाह गर्नेको संख्या बढेको उनको भनाइ छ । 'चेपाङ समुदायमा सानै उमेरमा बिहे गर्ने चलनजस्तै छ। पछिल्लो समय मोबाइलबाट सम्पर्क स्थापित गर्न सहज हुनु र पढाइ पनि बन्द हुँदा बालविवाह गर्न हुँदैन भन्नेबारे जानेका किशोरकिशोरीले पनि यस्तो कदम चालेको देखिन्छ,' उनले भने, 'कतिपयका हकमा परिवारको दबाब पनि कारण हुन सक्छ।' २० वर्ष नपुगीकन विवाह गर्नु हुँदैन, गरे/गराए सजाय हुन्छ भन्नेबारे चेपाङ र तामाङ समुदायमा जानकारी नै नरहेको उनको भनाइ छ ।

राक्सिराङ अध्यक्ष राजकुमार मल्ल जिल्लामा गत वैशाखदेखि भदौसम्म सयभन्दा बढी बालिकाको विवाह भएको दाबी गर्छन् । 'मेरै गाउँपालिकामा ३० जनाभन्दा बढीको बालविवाह भएको अनुमान गरेका छौं,' उनले भने । राक्सिराङ र कैलाश गाउँपालिकामा पर्ने साबिकका काँकडा, भार्ता, सरिखेत, कालिकाटार, खैराङ, डाँडाखर्कलगायत क्षेत्रमा बालविवाह प्रथा कायमै छ । 'अभिभावकलाई सम्झाउँदा पनि लुकीलुकी विवाह गराउँछन्,' मल्लले भने, 'अशिक्षाका कारणले चेपाङ समुदायमा बालविवाह प्रथा रहेको हो ।' 'छोराको चाँडै विवाह गर्‍यो भने बुहारीको काम खान पाइने र छोरालाई मजदुरी गराउन अन्यत्र पठाउन पाउने भएकाले चाँडै विवाह गर्ने गरेको हो,' कैलाश-४ का ५५ वर्षीय सन्तराम चेपाङले भने, 'घर नजिकको केटा उम्केला भनेर छोरीको चाँडै बिहे गर्ने चलन पनि छ ।' सानै उमेरमा विवाह गर्दा बालबालिकाको स्वास्थ्य र शिक्षा आर्जनमा गम्भीर प्रभाव पार्ने गरेको छ ।

मकवानपुरका स्थानीय तहले बालविवाहलाई पूर्ण रूपमा विस्थापित गर्ने योजना बनाएका छन् तर प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकेका छैनन। 'बालविवाहलाई गाउँपालिकामा निषेध गर्ने निर्णय गरिएको छ,' कैलाशका अध्यक्ष टंक मोक्तानले भने, 'प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउन सकिएको छैन तर प्रयत्न भने भइरहेको छ।' बालविवाहविद्ध विभिन्न अभियान चलाए पनि न्यूनीकरण हुन नसकेको बताउँछन् स्थानीय अगुवा नरेन्द्र रिजाल । 'सूचना प्रविधिको विकासले हामीलाई ज्ञानगुनका कुरा सिक्न सजिलो पार्नुपर्ने हो तर दुपयोगले बालविवाहलाई प्रश्रय दिइरहेको छ,' रिजालले भने, 'अब नियन्त्रण सोचेको जस्तो सजिलो छैन ।'

यसैबीच भीमफेदी गाउँपालिकामा गत आवमा भएका विवाहमध्ये ३८ प्रतिशतको २० वर्ष उमेरै नपुगी विवाह भएको पाइएको छ । बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले एक महिना लगाएर गरेको अध्ययनबाट उक्त आँकडा निस्केको हो । एक वर्षमा २ सय ३७ जनाको विवाह भएकोमा ५८ जनाको बालविवाह भएको पाइएको मन्त्रालयका अधिकृत बद्री वाग्लेले बताए । 'बालविवाह गर्नेहरूमध्ये १३ वर्षदेखि १९ वर्षसम्मका छन्,' उनले भने, 'प्रतिशतको हिसाबले सबैभन्दा धेरै चेपाङ समुदायका बालबालिकाको विवाह भएको छ भने संख्यात्मक हिसाबले तामाङ समुदायकाको धेरै छ ।' अध्ययनअनुसार बालविवाह गर्नेमध्ये पनि ७५ प्रतिशतले भागी विवाह गरेका छन् । बालविवाह गरेपछि शतप्रतिशतले पढ्न छोडेका छन् ।

सरकारले सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने घोषणा गरेको छ । तर बागमती सरकारले प्रदेशबाट २०७८ भित्रै बालविवाह अन्त्य गर्ने नीति तथा कार्यक्रम पारित गरेको छ । तर मन्त्रालयकै अध्ययनले पनि त्यस्तो संकेत दिँदैन । बालविवाहको प्रवृत्ति नै बदलिएको औंल्याएको छ । अहिले मोबाइलका कारण धेरै बालबालिकाहरूले भागी विवाह गर्न थालेका छन् । सानै उमेरमा विवाह गर्दा आमा र उसबाट जन्मने शिशु थप जोखिममा पर्ने गरेका छन् । धेरैको विवाह सम्बन्धविच्छेदमा परिणत हुने गरेको समेत पाइएको छ । प्रदेशका १३ जिल्लामध्ये सबैभन्दा बढी बालविवाह नुवाकोटमा हुने गरेको छ । मकवानपुर जिल्लामा भएका कुल विवाहमध्ये ६२।५८ प्रतिशत बालविवाह भएको देखिन्छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ

फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# भूगर्भविदको टोली थाहाको फेदीगाउँमा पुग्यो

◆ कुमार नेगी

थाहा नगरपालिकाको 'दुःख' को रूपमा रहेको वडा नम्बर २ फेदीगाउँको भूगर्भको अध्ययन गर्न भूगर्भविदहरूको टोली पुगेको छ। थाहा नगरपालिकाको व्यवस्थापनमा भूगर्भविदहरू दीपक दाहाल र सुवाष आचार्यको विज्ञ टोली फेदीगाउँ पुगेको हो ।

विगतमा पटकपटक बाढीपहिरो गई धनजनको क्षति भएको र मानव बसोबासको दृष्टिले अति उच्च जोखिम रहेको फेदीगाउँमा हालसम्म भूगर्भको स्थितिबारे वैज्ञानिक अध्ययन हुन सकेको थिएन । फेदीगाउँदेखि फाँट हुँदै त्रिवेणीसम्म वैज्ञानिक तटबन्दध गरी वस्ती जोगाउन नगरपालिकाले विस्तृत परियोजना प्रतिवेदन(डीपीआर) तयार पारेको भए पनि सो परियोजनामा भूगर्भको स्थिति विश्लेषणको आधारलाई नसमेटिएको पाइएपछि नगरपालिकाले डीपीआरमा संसोधन गर्नुपर्ने आवश्यकता औंल्याउँदै भूगर्भविद बोलाएको हो ।

स्वीकृत डीपीआरको आधारमा समपुरक बजेटबाट काम गर्न चालु आर्थिक वर्षमा नगरपालिकाले फेदीगाउँ–त्रिवेणी तटबन्धन कार्यको 'टेण्डर' आह्वान गरिसकेको छ। सो टेण्डरको म्याद यही ६ असोजमा सकिँदैछ । चालु आर्थिक वर्षका लागि सो कार्यका लागि रू. दुई करोड बजेट विनियोजन गरिएको छ ।



भूगर्भविदले प्राविधिक जाँच गरी दिएको विवरण अनुसार डीपीआरमा संसोधन गर्नुपर्ने भए यहीबीचमा संसोधन गरिने थाहा नगरपालिकाका इन्जिनियर सन्तोष बोहोराले जानकारी दिए ।

डीपीआरमा समावेश गरिएका योजनाहरूको सम्बनधमा 'केही सच्याउनुपर्ने' देखिएकोले वैज्ञानिक अध्ययन गरी संसोधन गर्न राजनीतिक दलको तर्फबाट नगरपालिकालाई यसअघि पटकपटक सुझाव दिँदै आएको नेकपा एमाले थाहानगर अध्यक्ष अच्युत्तमप्रसाद ढकालले बताए । भूगर्भविदले वैज्ञानिक अध्ययनको आधारमा दिएको सुझावको आधार लिनुपर्ने भए पनि नेपालमा भूगर्भविदहरूको संख्या अत्यन्त न्यून भएकोले ढिलाइ हुन गएको नगर प्रमुख लवशेर विष्टले बताए। यसअघि अध्ययनका लागि आएको भूगर्भविदको एक टोली सम्पर्कमा आएर त्यसपछि नफर्किएको नगरपालिका श्रोतले बताएको छ ।

अहिले आएको भूगर्भविदहरूको टोलीले फेदीगाउँ क्षेत्रको जलश्रोत, पहिरोको 'सिनारियो' र भूगर्भको बारेमा बैज्ञानिक अध्ययन गरिरहेको छ। टोलीलाई वडा नम्बर २ का वडा अध्यक्ष गुप्तबहादुर कार्की, नेकपा एमाले थाहानगर अध्यक्ष ढकाल, माओवादी केन्द्रका नगर सचिवालय सदस्य शंकर तामाङ, स्थानीयहरू लगायतले सहजीकरण गरिरहेका छन् ।

# सिसिडिएनले दियो स्थानीय तहलाई ४५ लाखको स्वास्थ्य सामाग्री

◆ विकास संवाददाता

सामुदायिक विकास संस्था नेपाल (सीसीडिएन) ले मकवानपुरका स्थानीय तहहरूलाई स्वास्थ्य सामग्री सहयोग गरेको छ। संस्थाले दोस्रो लहरको कोभिड महामारीमा सहयोग पुग्ने उद्देश्यका साथ मकवानपुर जिल्लाका ४ स्थानीय तहलाई करीब ४५ लाख बराबरका विभिन्न स्वास्थ्य सामग्री सहयोग गरेको हो ।

एक कार्यक्रमका बीच जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालले उक्त स्वास्थ्य सामग्री स्थानीय तहका प्रमुखहरूलाई हस्तान्तरण गरेका हुन्। प्रमुख खुलालले जिल्लाको थाहा नगरपालिका, कैलाश गाउँपालिका, ईन्द्रसरोवर गाउँपालिका र भीमफेदी गाउँपालिकालाई स्वास्थ्य सामग्री कोरोनाको पहिलो लहका बेला समेत जिल्लामा सहयोग प्रदान गरेकोमा धन्यवाद समेत व्यक्त गरे। उनले आगामी दिनमा सहमेत सहयोगको अपेक्षा रहेको भन्दै प्राप्त गरेका स्वास्थ्य सामग्रीहरूको उचित प्रयोग र संरक्षणमा ध्यान दिन स्थानीय तहहरूलाई आग्रह समेत गरे ।

संस्थाले स्थानीय तहहरूलाई जनसंख्याका आधारमा पीपीई, स्वास्थ्य कीट, ग्लोब्स, मास्क, फेस सिल्ड, सेनीटाईजर, एन्टीजेन किट, फ्रिजर, डिप्रि़ज, भ्याक्सिीन क्यारीयर, सेनिटाईजर डिभाईसलगायत १५ प्रकारका स्वास्थ्य सामग्री सहयोग गरेको हो। संस्थाका कार्यकारी निर्देशक महेन्द्र जर्गाको सभाध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिकाका नगर प्रमुख लवशेर




हस्तान्तर गरेका हुन् । कार्यक्रमको अवसरमा प्रमुख खुलालले संस्थाले मकवानपुरमा रहेर निरन्तर स्थानीय तहहरूलाई सहयोग पुऱ्याएको बताए । उनले सीसीडीएनले भुकम्पका बेला यस्तै विष्ट, कैलाश गाउँपालिकाका अध्यक्ष टंक मोक्तान, भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, ईन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष जीवन लामालगायत संस्थाका कर्मचारीहरूको उपस्थिी थियो ।

# शिखरकोटको नेपालय मिटमार्टमा महालक्ष्मीका ग्राहकलाई छुट



◆ विकास संवाददाता

महालक्ष्मी विकास बैंक लिमिटेडका ग्राहकले नेपालय मिटमार्टबाट सामाग्री खरिद गर्दा ५ प्रतिशत छुट पाउने भएका छन् ।

महालक्ष्मी विकास बैंक पालुङ शाखा प्रबन्धक संगिता बज्रचार्य र थाहा नगर पालिका वडा नम्बर ३ शिखरकोटमा रहेको नेपालय मिटमार्टका संचालक दिपेश केसीबीच १ असोजमा भएको सम्झौता अनुसार ग्राहकले ५ प्रतिशत छुट पाउने भएका हुन्। महालक्ष्मी बैंकले आफ्नो सेवालाई ग्राहकसम्म सहजै पुऱ्याउन तथा डिजिटल पेमेन्टलाई समेत प्रोत्साहन गर्न यस किसिमको सम्झौता गरिएको पालुङ शाखा प्रबन्धक संगिता बज्राचार्यले बताइन्। आफ्ना ग्राहकलाई गुणस्तरीय सेवाका साथसाथै थप सुविधा प्रदान गर्ने उद्देश्यले बैंकसंग सम्झौता गरिएको मिटमार्ट संचालक दिपेश केसीले उल्लेख गरे ।

सम्झौताअनुसार–बैंकका ग्राहकले आफू महालक्ष्मी विकास बैंकको ग्राहक भएको प्रमाणित कागजात वा एटिएम साथमै लिएर खरिदका लागि जानुपर्ने हुन्छ । साथै महालक्ष्मीका ग्राहकले डिजिटल भूक्तानी गर्दा पनि तोकिएको छुट पाउने प्रबन्धक बज्राचार्यले बताइन् ।

महालक्ष्मी विकास बैंक पालुङ शाखाले मकवानपुरको उत्तरी क्षेत्रका अन्य व्यवसायिक प्रतिष्ठान तथा होटल र रिसोर्टमा पनि यस किसिमको विजनेश टाइअप कार्यक्रम संचालन गर्ने योजना रहेको बैंकका नितेश पाण्डेले जानकारी दिए ।

देशका १०३ वटा शाखाबाट बैंकिङ सेवा प्रदान गर्दै आएको महालक्ष्मी विकास बैंकले कोभिड–१९ को जोखिमलाई न्यूनीकरण गर्न सकेसम्म डिजिटल बैंकिङमार्फत कारोबार गरी आफू सुरक्षित भई अरूलाई पनि सुरक्षित राख्न आग्रह गरेको छ ।

## आफ्नै सूचना

तपाइको गाउँघरमा हुने गतिविधि, कार्यक्रमहरु संचालन भएका छन् ? अथावा कुनै विषयमा राम्रा काम पो भएका छन् की ? तपाईको गुनासो सञ्चारका माध्यम मार्फत सरोकारवाला निकायमा पुऱ्याउन आवश्यक छ ? यदि त्यसो हो भने हामीलाई तुरुन्त फोन गर्नुहोस् । हामी तपाईका त्यस्ता विषयहरुलाई सञ्चार माध्यम मार्फत उठान गर्नेछौं ।

*- सम्पादक*

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

# एमाले थाहानगर जेठ २ मा फर्कियो



◆ विकास संवाददाता

नेकपा एमाले थाहा नगर कमिटी केन्द्रीय सर्कुलर अनुसार २०७५ जेठ २ मा फर्किएको छ ।

३ असोजमा थाहानगरको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.को सभाहलमा आयोजित नगर कमिटीको बैठकमा तत्कालीन नगर संयोजक विष्णुप्रसाद ढकालले अध्यक्षता गरी केन्द्रीय सर्कुलर अनुसार २०७५ जेठ २ मा फर्किएको जनाएको हो ।

बैठकले कार्तिक ९ गते नगर अधिवेशन गर्ने गरी अच्युत्तम प्रसाद ढकालको संयोजकत्वमा ७५ सदस्यीय नगर अधिवेशन आयोजक कमिटी गठन गरेको छ । यस अघि क्रियाशील नगर कमिटीलाई नै आयोजक कमिटीको रूपमा रूपान्तरण गरिएको नगर कमिटीका एक सदस्यले बताए ।

केन्द्रीय सदस्य तथा मकवानपुर ईन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यतामा भएको बैठकले सचिवमा कुमार नेगीलाई नै चयन गरेको छ । आयोजक कमिटीमा आवश्यकताका आधार मा सदस्य संख्या थप गर्ने सहमति भएको छ ।

बैठकमा जिल्ला कमिटी सदस्यहरू बुद्धरत्न मानन्धर, शशीधर सुवेदी, विमलकुमार ढकाल, सुरेन्द्रमान प्रधान, गणेशमान श्रेष्ठ, बलराम थापा, केदार बल, शिवराम थापा, बलराम थापा, हरि मगर, कल्पना बलामीको सहभागिता थियो ।

बैठकमा नगर अधिवेशन आयोजक कमिटी संयोजक अच्युत्तम प्रसाद ढकाल, जिल्ला सदस्यद्वय बुद्धरत्न मानन्धर, शशीधर सुवेदी, विष्णुप्रसाद ढकाल र केन्द्रीय सदस्य रामेश्वर रानाले मन्तव्य व्यक्त गरेका थिए । नगर अधिवेशन आयोजक कमिटी गठन भएसंगै पाटीको गतिविधिलाई तिव्रता दिने नगर सचिव नेगीले बताए ।

# स्थानीय तहमा उपभोक्ता समितिको बेथिति: मन्दिरको गजुरमा पनि अनियमितता

◆ रञ्जित तामाङ

*गाउँपालिका राष्ट्रिय महासंघका महासचिव बंशलाल तामाङ भन्छन्, 'सार्वजनिक खरिद ऐनमै समस्या छ । उपभोक्ता समितिले १ करोड रुपैयाँसम्मका योजनाहरू सञ्चालन गर्न सक्छन् । त्यसभित्र प्राविधिक रुपमा जटील कामहरू पनि गर्नुपर्ने हुनसक्छ । सबै स्थानीय तहमा प्राविधिक क्षमता नहुँदा त्रुटीहरू भइरहेका छन् । अर्को, खानेपानी, सिँचाई, सडक, ढलजस्ता फरक-फरक प्रकृतिको योजनामा उपभोक्ता समितिहरूलाई तालिम नदिँदा समस्या देखिएका हुन् ।*

स्थानीयस्तरमा निर्माण हुने सडक, ढल, खानेपानीजस्ता पूर्वाधार निर्माणको काममा हुने भ्रष्टचारमा मुछिँदै आएका उपभोक्ता समितिहरू मन्दिरको अनियमिततामा समेत संलग्न हुन थालेका छन् ।

महालेखापरीक्षकको आर्थिक बर्ष ०७६/७७ को प्रतिवेदनअनुसार भक्तपुर को मध्यपुर थिमीको बालकुमारी मन्दिर पुनर्निर्माण गर्दा मन्दिरको गजुरमा लगाएको सूनको जलपमा अनियमितता भएको पाइएको छ ।

स्वीकृत नर्म्सअनुसार मध्यपुर थिमी नगरपालिकाले ६९.०७ तोल सूनको रकम भुक्तानी गरेको छ । तर उपभोक्ता समितिले नेपाल राष्ट्र बैंकको टक्सार महाशाखाबाट ६२.५ तोला सून खरिद गरेको प्रमाण पेस गरेको छ ।

नगरपालिकाले गरेको भुक्तानीको स्रेस्ता र उपभोक्ता समितिको प्रमाण भिडाउँदा करिब ७ तोला सून भ्रष्टचार भएको महालेखाको निष्कर्ष छ । उक्त सूनको प्रचलित बजार मूल्यवापतको ४ लाख ५१ हजार रूपैयाँ असुलेर बेरूजु खातामा दाखिला गर्न महालेखाले भनेको छ ।

यसै गरि गजुरमा सूनको जलप लगाउने हेडका लागी नगरपालिकाले प्रतिदिनको दर १ हजार ७ सय तोकेको थियो । तर प्रतिदिन २ हजारले भुक्तानी दिएको छ । जसले गर्दा जलप लगाउने हेडलाई १ हजार ५६ दिनको १ प्रतिशत करसहित ३ लाख १३ हजार रूपैयाँ बढी भुक्तानी दिएको छ । त्यस भुक्तानीलाई पनि महालेखाले असुल्नु पर्ने बेरूजुमा राखेको छ । असुल्नु पर्ने बेरूजुलाई भ्रष्टचार मानिन्छ ।

### अबको अनियमितता हजार वा लाखमा होइन, करोडौंमा

अघिल्ला बर्षहरूसम्म केही हजार र केही लाख रूपैयाँको अनियमिततामा मुछिएका उपभोक्ता समितिहरू बिस्तारै करोडौंको अनियमिततामा मुछिन थालेका छन् ।

एउटै पालिकाले एक आर्थिक बर्षमा सञ्चालन गर्ने विकास निर्माण, खरिद बिक्रीको काममा समितिहरूमार्फत करोडौँ रूपैयाँ अनियमितता हुन थालेको छ ।

महालेखाका अनुसार आव बर्ष ०७६/७७ को प्रतिवेदनअनुसार ललितपुर महानगरपालिकाले ४० वटा उपभोक्ता समितिमार्फत सडकतर्फको स्टोन मेसिनरीको काममा स्वीकृत दरभन्दा १ करोड ११ लाख रूपैयाँ बढी भुक्तानी गरेको छ । त्यस भुक्तानीलाई महालेखाले असुल गर्नुपर्ने बेरूजुमा राखेको छ ।

यसैगरि ललितपुर महानगरले ढुङ्गा छाप्ने कामका लागी १० वटा उपभोक्ता समितिलाई स्वीकृत दरभन्दा ८५ लाख ४८ हजार रूपैयाँ बढी भुक्तानी दिएको छ ।

यसैगरि महानगरले पीसीसी ढलानको कामका लागी २६ वटा उपभोक्ता समितिलाई स्वीकृत दरभन्दा १९ लाख ५४ हजार रूपैयाँ बढी भुक्तानी गरेको छ । त्यसलाई पनि महालेखाले असल्नु पर्ने बेरूजुमा राखेको छ ।

महानगरले अरू ७ वटा उपभोक्ता समितिलाई सडक बनाउने कामका लागी स्वीकृत दरभन्दा फरक दरमा १२ लाख ९३ हजार रूपैयाँ बढी भुक्तानी दिएको छ । त्यस भुक्तानीलाई पनि महालेखाले असुल्नु पर्ने बेरूजु कायम गरेको छ ।

### बिकराल बन्दै गएको यथार्थ

ललितपुर महानगर र मध्यपुर थिमी नगरपालिकाको केही दृष्टान्त मात्र हुन् । उपभोक्ता समिति आर्थिक अनियमिततामा नमुछिएको स्थानीय तह भेट्टाउनै मुस्किल हुन थालेको छ ।

स्थानीय तहको लेखापरीक्षणमा खटिएका एक लेखापरीक्षक व्यङ्ग्यात्मक शैलीमा भन्छन्, 'उपभोक्ता समितिबाट असुलउपर गर्नु नपर्ने कुनै स्थानीय तह पाइएछ भने, त्यसलाई पुरस्कार नै दिँदा हुन्छ ।'

सीमाभन्दा बढी खर्च गर्ने, नियमबिपरित हेभी मोसिन प्रयोग गर्ने, उपभोक्ताको योगदान नसमेट्ने, एउटै योजना टुर्क्याउने, तोकिएको दरभन्दा महँगो दरमा भुक्तानी दिने गर्दा समितिहरू बदनाम भएका हुन् ।

आव ०७६/७७ मा मात्रै २ सय १७ स्थानीय तहले २३ करोड १७ लाख रूपैयाँ तोकिएको दरभन्दा बढी भुक्तानी दिएको छ ।

यसैगरि २२ स्थानीय तहले ओभरहेड कट्टा नगरि उपभोक्ता समितिलाई ४९ लाख ८९ लाख रूपैयाँ भुक्तानी दिएको छ । २ सय १५ स्थानीय तहले उपभोक्ताको लागत लागत नजुटाई ९ करोड ६१ लाख रूपैयाँ भुक्तानी दिएको छ । यी सबै बेरूजुहरू असुल्न महालेखाले भनेको छ ।

उक्त बर्ष २ सय ४६ स्थानीय तहले उपभोक्ता समितिमार्फत सञ्चालन गरेको २ हजार २८८ वटा योजनामा प्राविधिकको सिफारिस र पालिकाको स्वीकृति विना नै डोजर, एक्साभेटर लगायतका हेभी मेसिन प्रयोग गरेको पाइएको छ ।

सोही बर्ष २ सय ८० स्थानीय तहले उपभोक्ता समितिहरूमार्फत आरसीसी फ्रेम स्ट्रक्चर सहितको भवन, पूल, कर्ल्भट, ओभरहेड ट्याङ्की, विद्युतीकरणजस्ता जटील प्रकृतिका कामका लागी ३ अर्ब ९४ करोड रूपैयाँ खर्च गरेका छन् ।

यसैगरि उपभोक्ता समितिहरूले १ करोड रूपैयाँसम्मका योजना सञ्चालन गर्न पाउने सीमा भए पनि ६२ स्थानीय तहले उपभोक्ता समितिमार्फत सीमा नाघेर ९४ करोड ३६ लाख रूपैयाँ खर्च गरेका छन् ।

महालेखाबाट पनि सबै योजना र भुक्तानीको लेखापरीक्षण गर्न सम्भव छैन ।

कुनै एउटा स्थानीय तहमा सयौँ वटा योजना, त्यसका भुक्तानीहरू हुन्छन् । त्यसलाई एक-एक गरि केलाउन सम्भव छैन । केही योजनाको नमुना लेखापरीक्षण गर्दा पनि यति ठूलो अनियमितता देखिन्छ भने सबै उपभोक्ता समितिको योजनामा कति अनियमितता भएको होला भनेर एकिन गर्न कठीन छ ।

### अनियमिततामा जिम्मेवार को ?

उपभोक्ता समितिको अनियमिततामा सबैभन्दा दोषी को हुन् त ? यसबारे महालेखापरीक्षकको कार्यलयका निर्देशक नेत्र पौडेल भन्छन्, 'सबैभन्दा पहिलो जिम्मेवार भनेका उपभोक्ता समितिका पदाधिकारीहरू हुन् । उनीहरूले प्रचलित ऐन नियमभित्र बसेर योजना सञ्चालन गर्नुपर्छ । त्यसपछि सम्पन्न योजनाको नापजाँच गरेपछि 'ठीक छ' भनेर भुक्तानीका लागी सिफारिस गर्ने प्राविधिक जिम्मेवार हुन्छन् । त्यसपछि भुक्तानीका लागी स्थानीय तहको लेखामा आवश्यक कागजात पेस गरे पछि मात्रै भुक्तानी गर्छ । भुक्तानीका लागी चाहिने कागजात पेस नगरि भुक्तानी गर्दा पनि बेरूजु देखिन सक्छ । यस्तै उपभोक्ता समितिले सञ्चालन गरेका योजना अनुगमन गर्ने स्थानीय तहको अनुगमन पनि उत्तिकै जिम्मेवार छन् ।'

यसबारे गाउँपालिका राष्ट्रिय महासंघका महासचिव बंशलाल तामाङ भन्छन्, 'सार्वजनिक खरिद ऐनमै समस्या छ । उपभोक्ता समितिले १ करोड रूपैयाँसम्मका योजनाहरू सञ्चालन गर्न सक्छन् । त्यसभित्र प्राविधिक रूपमा जटील कामहरू पनि गर्नुपर्ने हुनसक्छ । सबै स्थानीय तहमा प्राविधिक क्षमता नहुँदा त्रुटीहरू भइरहेका छन् । अर्को, खानेपानी, सिँचाई, सडक, ढलजस्ता फरक-फरक प्रकृतिको योजनामा उपभोक्ता समितिहरूलाई तालिम नदिँदा समस्या देखिएका हुन् । यस्तै, धेरै स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा भएका अनुगमन समितिले प्रभावकारी काम गर्न सकेका छैनन् । जहाँसम्म नियतवस् गरिने अनियमितता छन्, यसमा दोषीलाई कारवाही गर्नुको विकल्प छैन ।'

स्थानीय शासन बिज्ञ डा. श्यामकृष्ण भुर्तेल भने समग्र स्थानीय शासन नै सहभागितामुलक बन्न नसक्दा यस्ता समस्या देखिएको दाबी गर्छन् ।

भुर्तेल भन्छन्, 'हामीले भरखरै केही स्थानीय तहमा अध्ययन गर्‍यौँ । उपभोक्ता समितिहरू कृयाशील छन् । तर त्यहाँ टोल विकास सँस्थाहरू नै छैनन् । समुदायको आवश्यकता अनुसारको योजना माग गर्ने संयन्त्र टोल विकास सँस्थाहरू हुन् । चाहिने संयन्त्र नभए पछि उपभोक्ता समितिमा टोलका टाठाबाटा र ठेकेदारको हालिमुहाली छ ।'

### लगामविनाको घोडा बन्दैछ

केही बर्षयता स्थानीय तहमा उपभोक्ता समितिहरू यसरी अनियन्त्रित हुँदै गएको छ कि, क्रमशः हजार, लाख हुँदै करोडौँ रूपैयाँमा अनियमितता हुन थालेको छ ।

गत बर्ष अख्तियार दुरूपयोग अनुसन्धान आयोगले स्थानीय तहलाई ६१ बुँदे निर्देशन दिएको थियो । त्यस निर्देशनमा अख्तियारले उपभोक्ता समिति गठन गर्दा समावेशी बनाउनु पर्ने, विना हेभी मेसिनका प्रयोग गर्न नपाइने, प्राविधिक हिसाबले जटिल योजनाहरू निर्माण नगर्न, उपभोक्ताको लागत सहभागितालाई अनिवार्य बनाउन निर्देशन दिएको थियो ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पर्ने कूल उजुरीमध्ये एक तिहाई स्थानीय तहसँग सम्बन्धित छन् । 'स्थानीय तहमा हुने उपभोक्ता समितिको काम, ठेक्कापट्टा, शक्ति दुरूपयोगजस्ता बिषयमा उजुरीहरू पर्छन्,' अख्तियारका प्रवक्ता नारायण रिसाल भन्छन्, 'त्यसमध्ये पनि उपभोक्ता समितिसँग सम्बन्धित उजुरी धेरै छन् । परेका उजुरीहरूमा अनुसन्धान गर्दा अनियमितता पुष्टी भएपछि मुद्दा दायर गर्छौं ।'

भरखरै अख्तियारले तनहुँको शुक्लगण्डकी नगरपालिकाको एक उपभोक्ता समितिका पदाधिकारीहरू र ठेकेदारलाई बिषेश अदालतमा मुद्दा दायर गरेको छ । आव ०७४/७५ मा तनहुँको कोत्रे-थप्रेक जोड्ने सहिद लालध्वज सडक स्तरन्नोति गर्दा उपभोक्ता समितिका पदाधिकारी र ठेकेदारको मिलेमतोमा निर्माणस्थलमै उपलब्ध पैसा नपर्ने ग्राभेल सामाग्रीको बील भरपाई बनाएर भुक्तानी लिएका थिए ।

साथै, निर्माणस्थलमै उपलब्ध ग्राभेल सामाग्रीलाई ढुवानी गरेको भनि फर्जी बील भरपाई खडा गरि रकम हिनामिना गरेको अख्तियारको अनुसन्धानले पुष्टी गरेको थियो । अख्तियारले तत्कालिन उपभोक्ता समितिका अध्यक्ष र कोषध्यक्षसँग ७ लाख ६६ हजार, एक सदस्यसँग १ लाख १९ हजार रूपैयाँ र ठेकेदारसँग २ लाख ४८ हजार रूपैयाँको बिगो दाबी गरि गत भदौ १० गते मुद्दा दायर गरेको छ ।

अख्तियारमा उजुरीको चाङ लागे पनि, जति मुद्दा दर्ता गरे पनि, निर्देशन दिए पनि उपभोक्ता समितिको अनियमितता बढ्नुको साटो बढ्दै गएको छ । महालेखाले बर्षेनी बेरूजु देखाए पनि अनियमितता बढ्दै गएको छ ।

### संघको सानो प्रयास, तर असम्भव

हालसालै संघीय संसदको सार्वजनिक लेखा समितिमा पनि यसबारे कुरा उठेको छ । 'उपभोक्ता समितिको कामलाई व्यवस्थित गर्नुपर्ने सवालबारे समितिमा उठेको छ,' समितिका सचिव रोजनाथ पाण्डेले भने, 'सार्वजनिक खरिद अनुगमन कार्यलयसँग छलफल भइरहेको छ । यसबारे व्यापक छलफल हुन जरूरी छ ।'

भरखरै सार्वजनिक खरिद अनुगमन कार्यालयले 'उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउदा अपनाउनु पर्ने कार्यविधि' को मस्यौदा तयार पारेर सुझाव संकलन गरिरहेको छ ।

'कार्यविधिका लागी सुझाव संकलन भइरहेको छ । अब केही समयपछि स्वीकृतिका लागी मन्त्रीपरिषद्को कार्यालयमा पठाउँछौँ,' कार्यालयका प्रवक्ता बिष्णुप्रसाद कोइरालाले बताए ।

स्थानीय तह आफैँले पनि ऐन, नियम बनाएर आर्थिक बेथितिहरूलाई नियन्त्रण गर्न सकिन्छ । तर एकाधबाहेक कुनै पनि स्थानीय तहले आर्थिक अनियमिततालाई रोक्न, योजना सञ्चालनलाई पारदर्शी बनाउन ऐन वा कार्यबिधी बनाएका छैनन् ।

साथै, बेरूजु फर्छ्योट , अनुमगन तथा मूल्यांकन, खरिद व्यवस्थापनजस्ता आर्थिक सुशासनका बिषयहरूलाई अधिकांश स्थानीय तहले आफ्नो कार्ययोजनाको प्राथमिकतामा राखेका छैनन् ।

सिन्धुपाल्चोकको एक स्थानीय तहबाट काठमाडौँको एक नगरपालिकामा सरूवा भएका लेखा अधिकृत भन्छन्, 'खरिद ऐनलाई पनि नटेर्नेहरूले यस्ता कार्यबिधीलाई के टेर्लान् ? ऐन नियमविपरित काम गर्न हुन्न भनेर अडान राखेपछि बसिखप्नै भएन । सरूवा मागेर काठमाडौं आएँ । यता पनि ताल उस्तै रहेछ ।'

## नेपालको संविधानको विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीयसत्ता,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्येक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी